सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
चौधौं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माइन्यूट)

**१. वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभाको सूचना मिति २०७७/०७/२८ गते बसेको सञ्चालक समितिको ३४७ औ बैठकले निर्णय गरे अनुसार मिति २०७७/०७/२९ को नागरिक राष्ट्रिय दैनिक पत्रिका तथा मिति २०७७/०८/०४ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई Webinar मार्फत पनि सञ्चालन हुने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको थियो । सोही दिन बैंकको वेवसाईट www.ctznbank.com मा समेत सो सूचना प्रकाशित गरिएको थियो ।

**१. सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति :- २०७७ साल मंसिर महिना २० गते (तद् अनुसार ५ डिसेम्बर, २०२०) शनिबार
स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौं (Webinar) मार्फत सञ्चालन गरिने ।)
सभा सुरु हुने समयः- बिहान ११:०० बजे

**३. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु.२७,२६,९४,५१८.६९/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।



Rajan

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री **के.के. बुढाथोकी एण्ड एसोसिएटस्** चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनु हुन्छ ।)

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ८ प्रतिशतका दरले हुन आउने रु. ७२,७१,८५,३८३.१८ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्ध पत्रमा संशोधन गर्ने ।
(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
(ख) बैंकको नियमावलीमा थप गर्ने ।
(ख-१) नेपाल धितोपत्र बोर्डको मिति २०७७/०४/२२ को कोरोना बिमा सम्बन्धी निर्देशनको आधारमा पछि बैंकको साधारण सभाद्वारा अनुमोदन गर्ने गरी समितिका अध्यक्ष तथा सदस्यहरुको कोरोना बिमा लगायत रु.३,००,०००/- बराबरको पारिवारिक औषधी बिमा गर्ने सञ्चालक समितिको मिति २०७७/०५/२४ गते सम्पन्न ३४२ औं बैठकको निर्णयलाई अनुमोदन गर्ने ।

४. बैंकको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध**

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | अध्यक्ष |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक |
| ४. | श्री सीता कार्की (के.सी.) | सञ्चालक |

| | | |
|---|---|---|
| ५. | श्री प्रबल जंग पाण्डे | सञ्चालक |
| ६. | श्री सजन शर्मा | सञ्चालक |
| ७. | श्री सुदेश खालिङ्ग राई | सञ्चालक |

४.२ उपस्थित अन्य पदाधिकारी :

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री वोधराज देवकोटा | नायव प्रमुख कार्यकारी अधिकृत/सूचना अधिकारी |
| ३. | श्री सुमित बाबु खत्री | निमित्त नायव प्रमुख कार्यकारी अधिकृत/प्रमुख कर्जा अधिकृत |
| ४. | श्री रामधन श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/आन्तरिक लेखा परिक्षण विभाग |
| ५. | श्री पारस कुमार काफ्ले | सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख सञ्चालन अधिकृत |
| ६. | श्री राजेन्द्र लाल श्रेष्ठ | सहायक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ७ | श्री उमंग शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत/प्रमुख प्रशासकिय अधिकृत/प्रवक्ता/गुनासो सुन्ने अधिकारी |
| ८. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत |
| ९. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |

४.३ शेयरधनीहरुको उपस्थिति :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ८३ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १२७ |
| ३ | Webinar मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | १०५ |
| | जम्मा | ३१५ |

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १,३७,९६४ | ३१५ | ५२.१५ प्रतिशत |
| सस्थापक समूह "क" | ४३९ | १६३ | ४३.२५ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,२६,६०६ | १५२ | ८.९ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | ९,०८,९८,१७२.९० | | १००.०० प्रतिशत |

## ६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम बैंकको चौधौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या ८३ जना, Webinar मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या १०५ जना तथा प्रोक्सी मार्फत १२७ जना गरि कुल शेयरधनी ३१५ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ४,७४,००,०५१.७ उपस्थित भई ५२.१५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार तथा Webinar मार्फत संचालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारी ज्यूको सभापतित्वमा बैंकको चौधौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका र Webinar मार्फत उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ७. साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापति ज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापति ज्यूले बैंकको चौधौं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

## ८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चौधौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

१. श्री शत्रुधन श्रेष्ठ
२. श्री शिव प्रसाद पौडेल

३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री गुणराज भट्ट
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री डमरु बल्लभ घिमिरे
७. श्री महेन्द्र बहादुर श्रेष्ठ

८.३ छलफलमा सहभागी मध्ये सभामा स्वयं उपस्थित भई सुझाव राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. श्री शत्रुधन श्रेष्ठ

८.४ छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई सुझाव राख्नु हुने शेयरधनी महानुभावको नाम

१. श्री शिव प्रसाद पौडेल
२. श्री उद्धव प्रसाद घिमिरे
३. श्री गुणराज भट्ट
४. श्री चन्द्र नारायण श्रेष्ठ
५. श्री डमरु बल्लभ घिमिरे
६. श्री महेन्द्र बहादुर श्रेष्ठ

**९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री शत्रुधन श्रेष्ठ

श्री श्रेष्ठले आफ्नो सम्बोधनको क्रममा मिति २०६६ मंसिर २० गते शनिबारको दिन सबै शेयरधनीहरुको फुर्सदको दिन पारेर आफ्नो १४ औं वार्षिक साधारणसभा आह्वान गरेकोमा अध्यक्षज्यूले राम्रो काम गर्नुभएको भन्दै धन्यवाद व्यक्त गर्नुभयो । हाल देशमा देखापरेको Covid को विषम परिस्थितिमा समेत ८% वोनस शेयर तथा ३% नगद लाभाँश दिनु ठूलो उपलब्धी भएको उल्लेख गर्दै राम्रा भनिएका अन्य बैंकहरुको दाँजोमा सिटिजन्स बैंकले राम्रो प्रगति गरेकोमा खुसि व्यक्त गर्दै अध्यक्ष ज्यूलाई धन्यवाद व्यक्त गर्नुभयो । यस सिटिजन्स बैंक नागरिकको हकहितको लागि कार्य गर्ने विश्वासिलो बैंक हो भन्दै यस विषम परिस्थितिमा पनि निक्षेपमा ५% ब्याज नघटाइकन व्यबसाय गरी निक्षेपकर्ताको मन जित्न सफल भएको र उक्त कार्य अध्यक्षज्यू, संचालक समिति, कार्यकारी पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरुको अथाह परिश्रमको कारणले सम्भव भएको कुरा व्यक्त गर्नुभयो । मिति २०७७/०३/२० मा यस बैंकले सहयोगी विकास बैंकलाई प्राप्ति गरेपश्चात कुल सम्पत्ति २२.६७%, चुक्तापूँजी ०.७७%, निक्षेप २४.३५%, कर्जा सापटि २४.९१% ले वृद्धि भएको व्यहोरा सभामा जानकारी गराउनुभयो ।

साथै बैकले आफ्नो संचालन तथा कर्मचारी खर्चमा मितव्ययिता अपनाउँदै खर्च व्यवस्थापनमा विशेष ध्यान पुर्‍याएको व्यहोरा जानकारी गराउनुभयो । बैंकमा महिला कर्मचारीहरु ४४.६०% रहनु राम्रो भएको भन्दै यस बैंकले सामाजिक उत्तरदायितव कार्यक्रम अन्तर्गत हरेक प्रदेशलाई समेट्ने गरी खर्च गरेको तथा राज्यलाई तिर्ने करको रकममा पनि अग्र पंक्तिमा रहेको कुरा व्यक्त गर्नुभयो ।

श्री श्रेष्ठले सुझाव दिने क्रममा हामी कृषि प्रधान देश भएकाले कर्जा विस्तारको क्रममा अनुत्पादक क्षेत्रमा कम लगानी गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउँदै राष्ट्र निर्माणमा अघि बढ्न आग्रह गर्दै आगामी वर्ष १२% वोनस शेयरको अपेक्षा गर्दै आफ्नो अमूल्य मन्तव्य टुङ्याउनुभयो ।

छलफलमा सहभागी मध्ये Webinar मार्फत सहभागी भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. श्री शिव प्रसाद पौडेल

श्री शिव प्रसाद पौडेलले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तव्य दिने क्रममा ८ प्रतिशत वोनस शेयर तथा ३ प्रतिशत नगद लाभांश दिन सक्नु बैंकले गरेको दिनरातको अथक मेहनतको प्रतिफल भएको उद्रित गर्दै बैंकले अझै सफलताको उचाई चुमोस् भन्ने कामना गर्नुभयो । यस बैंकको समिक्षा गर्दै उहाँले सात प्रदेशमा कहाँ कमजोरी छ, प्रगति गर्न के के गर्नुपर्छ भन्ने विषय क्षेत्रगत रुपमा देखाउनुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो । अहिलेको यस्तो परिस्थितिमा प्रविधिको उच्चतम प्रयोग गर्दै जानुपर्ने तर्फ जोड दिदै कर्मचारीहरुलाई उचित तालिमको व्यवस्था गर्न तथा बैंकका ग्राहकहरुलाई उच्च सम्मानकासाथ अभिवादन गर्दै बैंकमा जाउँ जाउँ जस्तो वातावरण बनाउन अनुरोध गर्नुभयो । बैंकले हरेक अवसरमा आफ्ना शेयरधनीहरुलाई SMS पठाउदै शुभकामना तथा जानकारीहरु प्रदान गरेको व्यहोरा मुक्त कण्ठले प्रशंसा गर्नुभयो । श्री पौडेलले सुझाव दिने क्रममा अन्य बैंकहरुको कृषि कर्जा प्रवाह गर्ने क्रममा देखिएका विसंगति तथा अनियमिताको उदाहरण दिंदै यस्ता किसिमका गलत कार्यहरु यस सिटिजन्स बैंकमा हुन हुदैन भन्नेमा ध्यानाकृष्ट गराउदै Fraction Share लाई पूर्ण अंक बनाउन विशेष सुझाव दिनु भयो । साथै प्रस्तावित नगद लाभांश आज वा भोली नै शेयरधनीको खातामा जम्मा गर्ने वातावरण मिलाउदै वोनस शेयर सकेसम्म छिटो उपलब्ध गराई जताततै **"जय सिटिजन्स"** सुन्न पाइयोस् भन्ने कामना गर्नुभयो । अन्तमा बैंकलाई TOP 5 POSITION मा पुर्‍याउन बैंकको व्यवस्थापत पक्ष अगाडि बढ्नुपर्ने र त्यसको लागि हामी शेयरधनीहरु हौसला दिन तयार रहेको व्यहोरा जानकारी गराउनुभयो ।

२. श्री उद्धव प्रसाद घिमिरे

श्री घिमिरेले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तब्य दिने कममा १३औं बार्षिक साधारण सभामा प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट उपस्थिति जनाउनु हुने सम्पूर्ण शेयरधनीमा अभिवादन ब्यक्त गर्दै covid को बिषम परिस्थितिमा पनि ८% बोनश शेयर र ३% नगद लाभांश दिनुभएकोमा सम्पूर्ण व्यवस्थापन, संचालक समितिको अथक मेहनतले सम्भव भएको कुरा व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो । बैंकको बार्षिक प्रतिवेदनको समिक्षा गर्दै यसमा समावेश भएको सम्पूर्ण सूचकहरु सकारात्मक रहेको उल्लेख गर्दै Total Deposit लाई बिशेष गरि बढाउनुपर्ने तर्फ जोड दिनुभयो । Video Conference(Zoom) बाट आफ्नो मन्तब्य दिन पाएकोमा खुसि व्यक्त गर्दै संचालक समितिमा एकदमै सशक्त तथा लामो बैंकिङ्ग अनुभव भएको व्यक्तित्वहरु रहनुभएको साथै कर्मचारीहरु समेत जुझारु रहनुभएकोले यस्तो प्रतिकुल अवस्थामा पनि राम्रो प्रतिफल दिनुभएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा Top 5 मा आउनुपर्ने गरि Vission, Mission सहित अगाडी बढ्नु पर्ने तर्फ जोड दिनुभयो । आगामी दिनमा १५% देखि २०% नघट्ने गरि समान रुपमा लाभांश वितरणको अपेक्षा गर्दै Successful Board, Successful Management, Successful Employee को अवधारणालाई अगाडी सार्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

३. श्री गुणराज भट्ट

श्री गुणराज भट्टले Virtual Zoom माध्यमबाट आफ्नो मन्तव्य दिने क्रममा आफ्नो पूर्ववक्ता साथीहरुले बैंकले प्रगति गरेको विषयमा समर्थन जनाउँदै बैंकले ८% वोनस शेयर तथा ३% नगद लाभांश राम्रो भएको तर यति हुँदा हुँदै पनि यसैमा मात्र खुसि भएर बस्न नहुने तर्फ संकेत गर्दै आगामी वर्ष २०% लाभांश वितरण गर्न सक्षम हुने लक्षका साथ अगाडी बढ्न अनुरोध गर्नुभयो । Big Merger को कुरालाई उद्रित गर्दै जुनसुकै संस्थासंग पनि Merger मा जान हतार गर्न नहुने र सम्पूर्ण कुराहरु अध्ययन विश्लेषण गरेर मात्र अगाडी बढ्न अनुरोध गर्नुभयो । बैंकिङ क्षेत्रमा लामो अनुभव संगालेका दक्ष एवम् कुशल अध्यक्ष तथा CEO यस बैंकले पाएको कुरा उठान गरी आगामी वर्ष २०% सम्म लाभांश २/३ वोनस शेयर र १/३ नगद लाभांशको संयोजनमा प्रदान गर्न अनुरोध गर्नुभयो । अन्त्यमा Fraction Share लाई Round Up गर्ने व्यवस्था गर्न विशेष आग्रह गर्दै "सिटिजन्स बैंक भनेको नै बैंक हो" भन्ने अवस्था सृजना गर्न जोड दिनुभयो ।

४. श्री चन्द्र नारायण श्रेष्ठ

श्री श्रेष्ठले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तब्य दिने क्रममा यस बैंकले खुद मुनाफा १ अर्ब १९ करोड गर्दा पनि ८% बोनश शेयर र ३% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । विगतमा १५ % लाभांश प्रदान गर्नु तथा यस्तो प्रतिकुल अवस्थामा पनि प्रस्तावित प्रतिफल राम्रो भएको कुरा व्यक्त गर्नुभयो । Merger, Acquisition को कुरा गर्दै यस बैंकको सम्पूर्ण सूचकहरु राम्रो भएको खण्डमा अरु संस्थाहरु यस बैंकप्रति जोडिनको लागि आकर्षित हुने कुरा व्यक्त गर्दै त्यसअनुरुप अग्रसर हुन अनुरोध गर्नुभयो । यस बैंकको व्यवस्थापन खर्च अन्य बैंकहरुको तुलनामा मध्यम स्तर रहेको भन्दै शेयरधनीहरुको लागि प्रतिफलनै ठूलो कुरा भएको साथै आगामी दिनमा प्रतिफल बढाउन आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

५. श्री डमरु बल्लभ घिमिरे

श्री घिमिरेले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तव्य दिने क्रममा वार्षिक प्रतिवेदन पाउनुभन्दा अगाडि जति डर लागेको थियो । वार्षिक प्रतिवेदन पाएपछि सोको सुक्ष्म विश्लेषण गरेपछि अत्यन्तै खुशी भएको कुरा व्यक्त गर्नुभयो । यस बैंकमा संचालक समिति नेपाल राष्ट्र बैंकको नियमानुसार व्यवस्थित रुपमा परिवर्तन भएको कुरा राख्दै यस बैंकले संस्थागत सुशासनमा जोड दिएको कुरा व्यक्त गर्नुभयो । साथै यस बैंकका संचालक श्री प्रवलजङ्ग पाण्डेज्यूलाई FNCCI को कार्यकारी सदस्यमा निर्वाचित हुनुभएकोमा वधाई तथा शुभकामना दिनुभयो । बैंकको काठमाण्डौं उपत्यकामा आफ्नै स्वामित्वमा विभिन्न ठाँउमा रहेको घर, जग्गा रहेको कुरा प्रष्ट पार्दै अपायक सम्पत्ति विक्री गर्न सुझाव दिनुभयो । उहाँले आफ्ना पूरानो सल्लाह सुझावलाई यस बैंकले सुनुवाई गरी यस पटकको वार्षिक प्रतिवेदनमा समावेश गरेकोमा सम्पूर्ण व्यवस्थापन, कम्पनी सचिव, Legal Team तथा सबैलाई विशेष धन्यवाद दिंदै आगामी वर्ष १५प्रतिशत लाभांशको अपेक्षा गर्दै आफूलाई ZOOM बाट आफ्नो विचार राख्न दिनुभएकोमा धन्यवाद व्यक्त गर्दै आफ्नो मन्तव्य टुङ्याउनुभयो ।

६. श्री महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठले भर्चुअल (ZOOM) माध्यमबाट आफ्नो मन्तव्य दिने क्रममा ८ प्रतिशत वोनस शेयर तथा ३ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद दिनुभयो । COVID को कारणले व्यवशायहरु धरासायी



CITIZENS BANK INTERNATIONAL LTD. Citizens

भएको कुरा जिकिर गर्दै कर्जा प्रवाहमा नयाँ क्षेत्र पहिचान गरी कृषि क्षेत्रलाई विशेष जोड दिन आग्रह गर्नु भयो । साथै Digital Payment System को प्रयोग गरी सरकारी निकायहरुसँग सहकार्य गरी अघि बढ्न सकेमा राम्रो हुने कुरा व्यक्त गर्दै आगामी वर्ष COVID को कारणबाट लाभांश नघटोस् भन्दै भर्चुअल ( ZOOM) माध्यमबाट बोल्दा समयको पावन्दी राख्दा राम्रो हुने कुरा सुझाव दिदै आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो ।

छलफलको क्रममा निम्न लिखित शेयरधनी महानुभावहरुले लिखित रुपमा व्यक्त गर्नु भएका मन्तव्य निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

७. श्री भक्ति प्रसाद उप्रेती

क) बधाई तथा धन्यवाद

१) कोरोना कहरका बीच पनि बेलैमा वार्षिक साधारण सभा गर्न लाग्नु भएकोमा,

२) हामी शेयरधनीहरुलाई ८ प्रतिशत वोनश शेयर र ३ प्रतिशत नगद लाभांश गरी जम्मा ११ प्रतिशत लाभांश दिन प्रस्ताव गर्नु भएकोमा,

३) बैंकको प्राप्तिको ईतिहास अहिलेसम्म राम्रो छ । हालसम्म ४ वटा संस्थाहरु प्राप्ति गरी सकेर पनि मर्जर तथा प्राप्ति उपसमिति सकृय भै यस साधारण सभामा सो सम्बन्धी प्रस्ताव ल्याउनु भएकोमा,

४) प्रतिवेदनको वर्ष (०७६/०७७) मा निक्षेप र कर्जामा भएको प्रगति उलेख्य भै गैर ब्याज आम्दानीमा १९ प्रतिशत प्रगति गरेकोमा,

५) संस्थागत सुशासनमा अब्बल बैंकको रुपमा रहेकोमा,

६) प्रतिवेदनको वर्षमा कुनै कर्जा अपलेखन नगरी यस अघिको अपलेखित कर्जा मध्ये ४.३४ करोड असुली गर्न सफल भएकोमा र

७) चालु वर्ष (०७७/०७८) को पहिलो त्रैमासिक वित्तीय विवरण धेरै प्रगति उन्मुख देखिएकोले सो को प्रशंसा गर्दै बैंकको सञ्चालक समिति, व्यवस्थापन समूह र सबै तहका परिश्रमी र उत्कृष्ट मनोवल सहितका कर्मचारीलाई बधाई तथा धन्यवाद दिन चाहन्छु । यहाँहरु सबैको कार्य क्षमता र लगनशिलताका कारण ०७६ साल चैत्र मसान्तसम्म पाकेको ब्याजमा १० प्रतिशत छुट दिंदा पनि हामीलाई ११ प्रतिशत प्रतिफल दिन लाग्नु भएकोले यहाँहरुको कार्यकुशलता तथा व्यवस्थापकीय कौशलका कारण भविष्यमा नेपालमा अग्रणी बैंकहरुमा हाम्रो बैंक पनि पर्न सकोस् शुभकामना छ ।

ख) सुझावहरु

१) लेखापरीक्षकले हामी शेयरधनीहरुका लागि लेखा परीक्षण प्रतिवेदन दिनु पर्ने भएकोले सो प्रतिवेदन नेपाली भाषामा लेखी बुझाउनु उपयुक्त हुनेछ । सबै शेयरधनीले नेपाली बुझ्दछन अंग्रेजी बुझ्न सक्दैनन् ।

२) हाम्रो बैंकको Growth सुस्त छ, Business Volume भएकोले ब्याज आम्दानी अपेक्षाकृत बढ्न सकेको छैन । Business Volume बढाउने रणनीति उपयुक्त छ ।





CITIZENS BANK INTERNATIONAL LTD
Citizens
YOUR PARTNER FOR PROGRESS

३) गैर ब्याज आम्दानी तर्फ शुल्क तथा कमिशन आम्दानी ४.३१ र खुद व्यापारिक आम्दानी ४.३३ मा हामी प्रतिस्पर्धी बैंकहरुको तुलनामा धेरै पछि छौं । पूँजि बढाउने रणनीति र कार्य योजना आवश्यक छ ।

४) हाम्रो Base Rate उच्च छ । ८ प्रतिशत भन्दा कम गर्न उपयुक्त कार्य योजना आवश्यक छ ।

५) बैंकको Spread Rate ४.०३ प्रतिशत मात्र छ । नियमनकारी निकायले ४.४ प्रतिशतमा सीमित राख्न निर्देशन दिए पनि ४.०३ प्रतिशत मात्र भएका कारण प्रतिवेदनको वर्षमा मेरो कोरा अनुमानमा करीब १० करोड रुपैयाँ Profit For The Year मा घट्न पुगेको छ । त्रैमासिक वित्तीय विवरण प्रकाशित भैसके पछि हुने समिक्षा बैठकमा यो विषयले ठाँउ पाएमा उपयुक्त रणनीति तय गर्न सकिन्छ ।

६) अन्त्यमा बैंकले उपयुक्त रणनीति र कार्य योजना तय गरी अल्पकालिन र मध्यकालिन र दीर्घकालिन लक्ष्य लिई आगामी ३ वर्ष भित्र मुलुकमा अग्रणी १५ वटा र ५ वर्ष भित्र अग्रणी १० वटा बैंक भित्र पर्न सफल होश शुभकामना छ भन्ने पर्ने तर्फ जोड दिनुभयो ।

२. श्री कृष्ण प्रसाद अधिकारी

बैंकले यस्तो अप्ठ्यारो बेलामा पनि ८ प्रतिशत वोनश शेयर र ३ प्रतिशत नगद लाभांश दिई समयमा नै साधारण सभा गरेकोमा धन्यवाद । बैंकको कारोवार बढाउन सीवीआइएल सेक्यूरिटिज लि.स्थापना गरी मार्जिन ट्रेडिङ्ग, ग्राहक परामर्श गर्नु सकारात्मक छ । च्याटबाट फास्टट्र्याक अकाउण्ट जस्ता अनलाइन कारोवार राम्रोसँग गरौं । भवनको आयु ४० वर्ष हुन्छ यहाँ किन २० वर्ष मात्र भयो । प्रतिफल दर बढाउन कोशिश गर्नोस् । सकृय शेयरहोल्डरहरुलाई पनि किन विभेद गरियो । प्रतिवेदन पनि पठाईएन । प्रतिवेदन नेपाली भाषामा तयार भएको राम्रो छ । अडिटरको मन्तव्य पनि नेपालीमा नै होस् । यसले दिन दुगुना रात चौगुना प्रगति गर्दै जानोस् भनी आफ्नो मन्तव्य दिनुभयो ।

**१०. शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासामा सभाका अध्यक्ष राजन सिंह भण्डारीज्यूले व्यक्त गर्नु भएको प्रश्नहरुको जवाफ :**

सभाका अध्यक्ष ज्यूले आदरणीय शेयरधनी महानुभावहरुबाट प्राप्त सम्पूर्ण सुझावहरुलाई मार्गदर्शनको रुपमा ग्रहण गर्दै आगामी दिनमा बैंकलाई दिगो किसिमले अगाडी बढाउने कुरामा जोड दिनु भयो । आफ्नो व्यक्तिगत विचार राख्दा अध्यक्षज्यूले बैंक युगौंयुगसम्म चल्ने हुनाले सम्पत्ति जोड्न मन लाग्ने र Fixed Assets पछि Reserve को रुपमा रहेर विपत्तिको बेलामा काम लाग्ने कुरा गर्नु भयो । साथै, भवनहरुको विषयमा संचालक समितिसंग छलफलमा राख्ने र त्यहाँबाट आएको निर्णयअनुसार अगाडी बढ्ने प्रतिबद्धता जनाउनु भयो । कहिले नगद लाभांश र कहिले वोनस शेयर गरी आगामी वर्ष पनि दोहोरो अंक (Double Digit) मा Dividend प्रदान गर्ने प्रतिबद्धता जनाउनु भयो ।

**११. चौधौं वार्षिक साधारण सभाका निर्णयहरु :**

(क) साधारण प्रस्तावहरु

१. **आ.व. २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**
सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।**

**बैंक तथा बैंकको सहायक कम्पनीहरु** समेतको लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत (Consolidated) वित्तीय विवरणहरु स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ३ प्रतिशतका दरले हुन आउने रु.२७,२६,९४,५१८.६९/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिबाट सभामा प्रस्ताव गरे बमोजिम **३ प्रतिशतका दरले हुन आउने रु.२७,२६,९४,५१८.६९/- बराबरको नगद लाभांश (लाभांश कर समेत)** वितरण गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७७/०७८ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)**

आर्थिक वर्ष २०७७।७८ को लागी वाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुंदा कम्पनी ऐन २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान वमोजिम समितिलें "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि संभावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम बैंकको आर्थिक वर्ष २०७७।७८ को लेखा परीक्षण गर्न लेखापरीक्षक श्री K.K. Budhathoki & Associates, Chartered Accountants जो कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम नियुक्त गर्न योग्य देखिएको हुंदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिवृद्धि कर सहित रु. १९,७७,५००।- (अक्षेरेपी रु. उनाइस लाख सतहत्तर हजार पांचसय मात्र) पारिश्रमिक पाउने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.

**(ख)** <u>विशेष प्रस्तावहरु</u>

१. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ८ प्रतिशतका दरले हुन आउने रु. ७२,७१,८५,३८३.१८ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम **८ प्रतिशतका दरले हुन आउने रु. ७२,७१,८५,३८३.१८** बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ती (एक्विजिसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ती गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. (क) बैंकको प्रबन्ध पत्रमा संशोधन गर्ने ।

**(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम ८ प्रतिशत वोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले ८ प्रतिशत बोनश शेयर बापत **रु. ७२,७१,८५,३८३.१८**/- बितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेकोले प्रबन्ध पत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूँजी संरचना वृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

५(ख) बैंकको कुल जारी पूँजी रु. ९,८१,७०,०२,६७३/- (अक्षेरुपी नौ अरब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले ९,८१,७०,०२६.७३ (नौ करोड एकासी लाख सत्तरी हजार छब्बीस दशमलब त्रिहत्तर) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/-(अक्षेरुपी नौ अरब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/- (अक्षेरुपी नौ अरब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर रुपैयाँ मात्र) हुनेछ ।

**(ख) बैंकको नियमावलीमा थप गर्ने ।**

(ख-१) नेपाल धितोपत्र बोर्डको मिति २०७७/०४/२२ को कोरोना बिमा सम्बन्धी निर्देशनको आधारमा पछि बैंकको साधारण सभाद्वारा अनुमोदन गर्ने गरी समितिका अध्यक्ष तथा सदस्यहरुको कोरोना बिमा लगायत रु.३,००,०००/- बराबरको पारिवारिक औषधी बिमा गर्ने सञ्चालक समितिको मिति २०७७/०५/२४ गते सम्पन्न ३४२ औं बैठकको निर्णयलाई अनुमोदन गर्ने । बैकको नियमावलीमा देहाय बमोजिम संशोधन तथा थप गर्ने निर्णय गरियो ।

(ख-२) **नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालकको सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

सञ्चालकको बैठक भत्ता तथा सुविधा थप गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा सभामा प्रस्ताव गरिएकोमा सभाले सञ्चालकको सुविधा नियमावलीमा थप गर्ने प्रस्ताव स्वीकृत गरेकोले सञ्चालकहरुको सुविधा मात्र थप गर्ने गरी नियमावलीमा थप गर्ने निर्णय भएकोले बैंकको नियमावलीको नियम २९(१) (ङ) मा देहाय बमोजिमको व्यवस्था थप गर्ने निर्णय गरियो ।

२९(१) (ङ): अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(ई) नेपाल धितोपत्र बोर्डको मिति २०७७/०४/२२ को कोरोना बिमा सम्बन्धी निर्देशनको आधारमा पछि बैंकको साधारण सभाद्वारा अनुमोदन गर्ने गरी समितिका अध्यक्ष तथा सदस्यहरुको कोरोना बिमा लगायत रु.३,००,०००/- बराबरको पारिवारिक औषधी बिमा गर्ने सञ्चालक समितिको मिति २०७७/०५/२४ गते सम्पन्न ३४२ औं बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. बैंकको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) **विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सवै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै चौधौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिनको १:०० बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

श्री राजन सिंह भण्डारी
अध्यक्ष